**वैठक संख्या:-१२०**

आज मिति २०८१/०६/९ गते बुधवार दिउँसो ठिक १:०० बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको वैठक बसी देहायको वमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम ,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मुहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र वहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं .४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री इन्द्रमणी कुर्मी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री इन्सान अलि धुनियाँ | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | |
| १६ | श्री प्रेमा देवी कोरिन | कार्यपालिका सदस्य | |
| १७ | श्री मानति कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरविन्दु थारु | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रभावति यादब | कार्यपालिका सदस्य | |
| २० | श्री गोविन्द कहँार | कार्यपालिका सदस्य | |
| २१ | श्री गंगेश कुमार वर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री हरि प्रसाद ज्ञवाली | नि प्रमुख प्रशासकीय अधिकृत | |

**अन्य उपस्थिति :-**

| | | | |
|---|---|---|---|
| १ | पदम राज श्रेष्ठ | स्त. वि. अधिकृत | |
| २ | अब्दुल रशीद खाँ | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

## मिति २०८१/६/९ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १२०

### बैठकका प्रस्तावहरु

१ गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२ छाडा चौपाय व्यवस्थापन सम्बन्धमा।

३ शिक्षक दरवन्दि मिलान कार्यविधि सम्वन्धमा

४ समसामायिक विविध।

### निर्णयहरु

१. मिति २०८१/०३/१० गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

२. यस कपिलवस्तु नगरपालिका क्षेत्र भित्र रहेको छाडा चौपायाहरुले कृषकहरुको बालिनालिमा क्षति पुर्याएको र सडक दुर्घटना समेत निम्ताउने सक्ने हुँदा अस्थाई रुपमा व्यवस्थापन गर्न कपिलवस्तु नगरपालिकाको वडा नं.९ जलैंया नाका वाणगंगा पुर्व करिब ५५/६० बिगाहा खुल्ला जग्गामा आबश्यक जग्गा तारवार (जालि) अस्थाई टहरा, पानि र विजुलिको व्यवस्थापन गरि छाडा चौपायाको संरक्षण रेखदेख र व्यवस्थापन गर्न उक्त वडा क.व.न.पा.९ को वडा अध्यक्षको संयोजकत्वमा तपसिल बमोजिममा ५ सदस्य समिति निर्माण गर्ने निर्णय गरियो

**तपसिल:-**

| | | |
|---|---|---|
| श्री दिपक गुरुङ | वडा नं.९ वडा अध्यक्ष | संयोजक |
| श्री रामजित प्रसाद कुर्मि | वडा नं.६ वडा अध्यक्ष | सदस्य |
| श्री मोहनलाल शर्मा | वडा नं.१० वडा अध्यक्ष | सदस्य |
| श्री रामगोपाल यादव | वडा नं.११ वडा अध्यक्ष | सदस्य |
| श्री विनोद कुँवर | अधिकृत | सदस्य सचिव |

३. कपिलवस्तु नगरपालिका शिक्षा शाखाद्दारा मस्यौदा तयार गरिएको विद्यालय समायोजन तथा शिक्षक दरवन्दि मिलान तथा पुनवितरण कार्यविधि २०८१ माथि आवश्यक छलफल सान्दर्भिकता औचित्य एंव प्रभावकारीताको अध्ययन गर्न कपिलवस्तु नगरपालिका वडा नं.१० का वडा अध्यक्ष मोहनलाल शर्माको संयोजकत्वमा तपसिल बमोजिममा पदाधिकारीहरु सदस्य रहने गरि ५ सदस्यीय विद्यालय समायोजन तथा शिक्षक दरवन्दि मिलान तथा पुनवितरण अध्ययन समिति निर्माण गर्ने निर्णय गरियो

सुदिप पौडेल

नि. प्रमुख प्रशासकिय अधिकृत

तपसिलः-

| | | |
|---|---|---|
| श्री मोहनलाल शर्मा | वडा नं.१० वडा अध्यक्ष | संयोजक |
| श्री दिरेप कुमार चौधरी | वडा नं.५ वडा अध्यक्ष | सदस्य |
| श्री रुद्र वहादुर गैरे | वडा नं.३ वडा अध्यक्ष | सदस्य |
| श्री अशोक कुमार गुप्ता | वडा नं.२ वडा अध्यक्ष | सदस्य |
| श्री शिव कुमार पाण्डे | वडा नं.८ वडा अध्यक्ष | सदस्य |

**समसामायिकः-**

१ कपिलवस्तु नगरपालिका वडा नं.७ मा हाल सम्म नयाँ वडा कार्यालय नभएको र सेवा प्रवाहमा असहजता भएको हुँदा उक्त स्थानमा (हाल कार्यालय ) नै वडा कार्यालय निर्माण गर्ने निर्णय गरियो ।

२ यस कपिलवस्तु नगरपालिकाका नगर प्रमुख एंव स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष सहितको समितिको अनुगमन प्रतिवेदनको आधारमा तपसिल बमोजिमका स्वास्थ्य सस्था दर्ता गर्न अनुमति दिने निर्णय गरियो

**तपसिल**

| | | |
|---|---|---|
| १ | सारिम हस्पिटल प्रा.लि. | क.ब.न.पा.२ सागरटोल |
| २ | मेरि स्टोप सेन्टर | क.ब.न.पा २ सागरटोल |
| ३ | लाइफ भिजन पोलिक्निक | क.ब.न.पा.६ (ल्याब स्थापना) थुमुवाचोक |

३ कपिलवस्तु नगरपालिकाका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुलाई विद्यालय व्यवस्थापन खर्चको लागि विद्यालयहरुलाई अनुदान गत वर्ष आ.व.२०८०/०८१ विद्यालय अनुगमन प्रतिवेदनको आधारमा यस नगरपालिकाबाट निकासा भएको कुल रकमको ५० प्रतिशत, अनुदान सम्वन्धित विद्यालयमा निकासा दिने निर्णय गरियो ।

४ कपिलवस्तु नगरपालिका स्वास्थ्य शाखालाई विनियोजन गरिएको रु २,४३,००,०००।- खर्च गर्न बार्षिक कार्यक्रम संचालन निर्देशिका आ.ब.२०८१/०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

५ कपिलवस्तु नगरपालिका वडा नं.१ मा संचालित किस्मत कृषि सहकारी सस्था लि.को रासायनिक मलखाद बिक्रेता प्रमाणपत्र हराएको हुँदा सोको प्रतिलिपि उपलब्ध गराई कृषि सामाग्रि कम्पनी लि. तथा साल्ट्र ट्रेडिङ कर्पोरेसन लि.मा डिलरसिपको लागि सिफारिस दिन कृषि शाखालाई निर्देशन दिने निर्णय गरियो

६ कपिलवस्तु नगरपालिका भित्र संचालित सामुदायिक विद्यायहरुमा रिक्त स्वंय सेवक शिक्षक व्यवस्थापन कार्यविधि ,२०७७ बमोजिम गठित स्वंय सेवक शिक्षक छनौट समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

७ कपिलवस्तु नगरपालिकाको विधायन समितिद्दारा पेश भएको **"कपिलवस्तु नगरपालिकाको घर वहाल व्यवस्थित गर्ने सम्वन्धि कार्यविधि २०८१"** को स्वीकृत निर्णय गरियो ।

सविना पौडेल
नगर प्रमुख

नि. प्रमुख प्रशासकिय अधिकृत

८ कपिलवस्तु नगरपालिका वडा नं.३ चप्परतला स्थित साविकको महिला तथा बालबालिका कार्यालयको भवन सामाजिक विकास डिभिजन कार्यालय कपिलवस्तुले प्रयोग गर्दै आएकोमा बाँकि रहेको भवन/तला कार्यालय प्रयोजनको लागि र खालि जग्गा सवारि चालक अनुमति पत्र (ट्रयाल सेन्टर) संचालन गर्न यातायात व्यवस्था सेवा कार्यालय कपिलवस्तुलाई प्रयोग गर्न सिफारिस दिने निर्णय गरियो।

९ कपिलवस्तु नगरपालिका वडा नं.१ मा चिल्ड्रेन पार्क र कपिलवस्तु नगरपालिका वडा नं.२ मा सागर ताल ADB (Asian Development Bank) द्वारा निर्माण गर्न लागेको हुँदा सोको जग्गा प्राप्ति सम्वन्धमा सम्वन्धित निकायहरुमा सिफारीस गर्ने निर्णय गरियो।

नगर प्रमुख

नि. प्रमुख प्रशासकिय अधिकृत